जि.प्र.का.द.नं.:४८/०७३/०७४

साप्ताहिक
# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly

वर्ष ५, अंक २५, पौष ४ गते आइतबार २०७८, 19 December Sunday 2021 नेपाल सम्वत ११४२, पृष्ठ ६ मूल्य रू. ८।-






-तस्विरः अर्जुन कार्की

बागलुङ जिल्लाको जैमिनी नगरपालिका वडा नम्बर ३ ढमेकस्थित गाजा दह । पर्यटकीय र सांस्कृतिक महत्व बोकेको दह गन्तव्यस्थलको रुपमा विकास भइरहेको छ ।

# दुई पालिकाले आप्रवासी 'प्रोफाईल' तयार गर्दै

**जननिगरानी संवाददाता**
**बागलुङ**

वैदेशिक रोजगारमा रहेका नागरिक र उनीहरुको परिवारको तथ्यांङक तथा अवस्था पहिचानको लागि बागलुङका दुई स्थानीय तहले वैदेशिक रोजगार सम्बन्धी पार्श्वचित्र निर्माण गर्न सुरु गरेका छन् ।

बागलुङ नगरपालिका र काठेखोला गाउँपालिकाले आप्रवासी 'प्रोफाईल' निर्माण गर्न थालेका हुन । प्रोफाईलले सुरक्षित प्रवासन नीति र पुनः एकीकरणको लागि समर्थनसहित स्थानीय 'प्रवास प्रशासन' को लागि उचित योजना, नीति र रणनीतिको विकासमा सहयेग गर्ने बागलुङ नगरपालिकका मेयर जनकराज पौडेलले जानकारी दिनुभयो ।

प्रोफाईल निर्माणको लागि बागलुङ नगरपालिकाले ४ लाख १६ हजार र काठेखोला गाउँपालिकाले चार लाख आठ हजार रुपियाँ विनियोजन गरेका छन् । प्रत्येक वडामा एक जना गणकको व्यवस्थापन गरी क्षेत्रगत तथ्याङक संकलन गरिने छ । बागलुङ नगरपालिकाले १४ र काठेखोला गाउँपालिकाले आठ जना गणक छनौट गरी तथ्याङ्क संकलन गर्न थालेका छन् । गणकहरुले कोवो सफ्टवेयरमार्फत तथ्यांङक लिनेछन् । विवाईसी बागलुङको व्यवस्थापनमा गणकहरुलाई सामी हेल्भेटासले दुई दिने सफ्टवेयर सञ्चालनबारे प्राविधिक तालिम दिएको थियो ।

आप्रवासी पार्श्वचित्रले राष्ट्रिय सन्दर्भसँग सम्बन्धित स्थानीय स्तरबाट श्रम प्रवासन ढाँचाको समग्र परिदृश्य प्रतिबिम्बित गर्ने सुरक्षित आप्रवासन परियोजना (सामी) बागलुङका परियोजना संयोजक मिनप्रसाद उपाध्ययाले बताउनुभयो ।

प्रोफाइलमा जनसांख्यिकीय जानकारी, प्रमुख गन्तव्य देशहरू, प्रवासी र उनीहरूका परिवारको सीप र सूचनामा पहुँचको हालको परिदृश्य, रेमिट्यान्स प्राप्त गर्ने र वित्तीय साक्षरतामा यसको उपयोगिताको प्रवृत्ति र ज्ञान स्तर सहितको प्रवास, पुनरागमन प्रवासी कामदारको जानकारी, उनीहरूको अवस्था र पहलमाथि जोड दिने काठेखोला गाउँपालिकाका अध्यक्ष अमरबहादुर थापाले बताउनुभयो ।

वैदेशिक रोजगारमा धोखाधडी र सम्बन्धित मुद्दाहरू, सामाजिक लागत, चुनौतीहरू, अगाडि र सुझावलाई पनि समावेश हुनेछ । तथ्याङक संकलन कार्य करिब एक महिनामा सकिनेछ ।

# झालीवाङ खोलामा मोटरेबल पुल निर्माण

**जननिगरानी संवाददाता**
**बागलुङ**



बागलुङको ढोरपाटन नगरपालिका र तमानखोला गाउँपालिकाको सिमा क्षेत्र झालीवाङ खोलामा मोटरेवल पुल निर्माण गरिएको छ ।

कुल चार करोड ४२ लाख लागतमा बुर्तिवाङदेखि तमानखोला गाउँपालिका केन्द्र बोङगादोभान जोड्न पुल निर्माण गरिएको हो । नयाँ बाटो सूर्यदल जेभीले गत बर्षको मंसिरदेखि पुल निर्माण सुरु गरेको थियो ।

नौ महिनाका काम सक्ने

.............बाँकी ६ पेजमा

के तपाई सनुचाँदीका गहना किन्ने सोचमा हुनुहुन्छ ? त्यसो हो भने हामीलाई सम्झनुहोस्

## शुभलक्ष्मी सुनचाँदी गहना पसल

बा.न.पा.-२, जिपपार्क, बागलुङ

**हाम्रा सेवाहरु:**



१) आधुनिक मेशिनको माध्यमद्धारा शुद्ध छापावाल सुनका गरगहना तयारी पाउनुका साथै अर्डर बमोजिम तैयार गरिन्छ।
२) बेरुवा बाला, रिङ्ग, औंठी आदि सादा माला मेशिनद्धारा तैयार गरिन्छ ।
३) कम्प्युटर तौल गरी बिल सहित दिने र लिने गरिन्छ ।
४) अनुभवी कारीगढबाट पुरानो गहना देखि नयाँ गहनासम्म बनाउने गरिन्छ ।
५) सम्पूर्ण आधुनिक वा पुरानो गहना बिना रसायन बनाइन्छ । ६) पुरानो गहनाले नयाँ गहना साटफेर पनि गरिन्छ । ७) सुन चाँदी खरिद बिक्री पनि गरिन्छ ।

सम्पर्क: ०६८-५२२५५८/९८५७६२८८५८ प्रो: धना सुनार

## सृष्टि इलेक्ट्रीक एण्ड मर्मत

जिपपार्क, बागलुङ



बिजुलीका सम्पूर्ण समानहरु मिक्चर, राइसकुकर, हिटर, मोवाइल तथा विदेशी लाइटको चार्जर, क्यालकुलेटर, बिजुलीको तार, वल्व, होल्डर, सिंगल फेज, 3 फेज वायरिङ गर्नुपरेमा हामलिाई सम्झनुहोस् । साथै मोटर T.V., विदेशी लाइट, ग्याँस चुलो लगायत सम्पूर्ण सामानको मर्मत पनि गरिन्छ ।



प्रो. जीत बहादुर किसान

मो नं.: ९८६५३३५५७०, ९८१३००८४११

Selling Happiness
www.fewabazar.com
Online Shopping

के तपाई स्टुडेन्ट भिजामा जापान जाने चक्करमा हैरान हुनुभस्को छ ?
के तपाईले जापान जाने चक्करमा थुप्रै लगानी गर्नुभस्को छ ?
यदि त्यस्तो हो भने तपाईको जापान जाने सपना साकार पार्न हामी सघाउँछौं ।



## Subarashii Language Institute

**हाम्रा विशेषताहरू:** काठमाडौं र पोखराको सफलतापछि अब बागलुङ बजारमा



- ✔ एस एल सी वा सो भन्दा माथिका स्टुडेन्टहरुको सजिलै अप्लाई गर्न सकिने ।
- ✔ तपाईले रोजको शहर तपाईले रोजेको कलेजमा अप्लाई गर्न सकिने
- ✔ अप्रिल, जुलाई, अक्टोबर तथा जनवरी चार वटै ईन्टेकमा अप्लाई गर्न सकिने ।
- ✔ प्लस टु वा प्लस टु पछि ग्याप भएको तथा जुनसुकै डिभिजनको स्टुडेन्टलाई पनि सजिलै अप्लाई गर्न सकिने
- ✔ न्युन खर्चमा अप्लाई गरिने । ✔ अनुभवी प्रशिक्षक द्धारा अध्यापन गराईने ।

## शुभरासी ल्याङगुयज ईन्सचिच्युट

धौलागिरी चोक बागलुङ, (पञ्चकोट सुनचाँदि पसलको अगाडि)
सम्पर्क फोन नं. ०६८५२०३७३, ०६८५२०४५८, ९८४६८०७८७४, ९८४६८०३५००

तपाईको जापान जाने सपना, हाम्रो सपना
तपाईको सपना साकार पार्ने जिम्मा अव हाम्रो काँधमा

गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्षः खिमबहादुर कार्की
सम्पादकः नविन शिशिर वि.क.
अतिथि सम्पादकः दिल शिरीष
सह-सम्पादकः अर्जुन कार्की
कार्यालयः काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालयः बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बरः ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेलः Jananigrani.bgl@gmail.com
मुद्रणः नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# नेतृत्व परिवर्तनमा चिसो पानीले नुहाउँदै दल

नेपाली राजनीतिमा पार्टी नेतृत्व परिवर्तन, राजनीतिमा युवा पुस्ताको बाक्लो उपस्थिती । जनताका भावनाको प्रतिनिधित्व गर्न सक्ने नयाँ अनुहारको बहस, पैरवी, वकालत र अभ्यास भैरहेको छ । रहेक पार्टीमा नयाँ अनुहारको वहसले उग्ररुप लिने गरे पनि अन्तिम समयमा अर्थात नेतृत्व छनोट गर्दाको घडीमा परिवर्तनको चर्को वकालत, अभियान र नेतृत्व गर्ने व्यक्ति नै मरिज खुम्चिय भै खुम्चिएको देखिन्छ । देशका दुई ठुला दल नेकपा एमाले र नेपाली काँग्रेसको राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ । दुवै पार्टी नेतृत्वमा पुरानै नेतृत्व अर्थात एमालेमा केपी शर्मा ओली र नेपाली काँग्रेसको सभापतिमा शेरबहादुर देउवा दोहोरिनु भएको छ । उहाँ दुवै जनाले महाधिवेशनमा सहभागी प्रतिनिधिको मतबाट निर्वाचन जित्नुभएको हो । दुवै जनाले प्रजातान्त्रिक अभ्यास गर्नुभयो । यो विषय लोकतान्त्रिक पक्ष र दृष्टिले उपयुक्त छ । तर नेतृत्व परिवर्तनको सवाल उठान गर्ने नेताहरु खास समयमा त्यो मुद्दा छोडेको देखिन्छ । नेकपा एमालेमा भन्दा पनि काँग्रेसमा त्यो मुद्दा ओझेलमा पुर्‍यो ।

एमाले अध्यक्ष केपी शर्मा ओली सर्वसम्मत अध्यक्ष बन्ने चाहना थियो । त्यसमा भीम रावलको उमेदवारीले त्यो सपना पुरा हुन सकेन । एमालेमा भीम रावल बाहेक अन्य नेताहरु अध्यक्षको दावी नगरेको र नेतृत्वमा केपी ओली नै दोहोरिनु पर्ने जनमत धेरै हुँदा सिमित पदमा निर्वाचन भयो । रावलले निर्वाचन हार्ने पक्का पक्की हुँदा पनि लोकतान्त्रिक विधिको प्रयोग गर्नुभयो । उहाँको एकल प्रयासले नेतृत्व परिवर्तन सम्भव थिएन । यता, नेपाली काँग्रेसमा पनि प्रधानमन्त्री तथा पार्टी सभापति शेरबहादुर देउवाको विकल्प खोजी भएको थियो । उहाँको विपक्षमा रामचन्द्र पौडेल, शेखर कोइराला, शशाक कोईराला, प्रकाशमान सिंह , विमेलेन्द्र निधी जस्ता पार्टी राजनीतिमा हस्तक्षेपकारी भूमिका निर्वाह गर्ने पात्रहरु खुलेर लाग्नुभएको थियो । तर अन्तिम घडीमा परिवर्तनको चर्को नारा उठाउनेहरुले नै चिसो पानीले नुहाउँदा काँग्रेसमा पार्टी नेतृत्व परिवर्तन सम्भव भएन । महाधिवेशनले देउवालाई नै नेतृत्वको जिम्मेवारी सुम्पिएको छ ।

नेकपा एमालेमा नेतृत्व परिवर्तन गर्न जति कठिन भयो, काँग्रेसमा त्यति नै सहज थियो । पहिलो चरणको निर्वाचनमा प्राप्त मत आधारलाई हेर्ने हो भने नेतृत्व परिवर्तनको चाहना राख्ने निधि, सिंहले संस्थापनइतर पक्षका उमेदवारलाई सहयोग गरेको खण्डमा नेतृत्व परिवर्तन सहज थियो । तर त्यस्तो हुन सकेन । यद्यपी महाधिवेशन प्रतिनिधिहरुले महामन्त्रीमा भने कुनै गुठ विशेषलाई प्राथमिकता दिएनन् । विवेक पूर्ण ढंगले संस्थापनइतर पक्षबाट उमेदवार बन्नुभएका गगन थापा र विश्वप्रकाश शर्मालाई विजय गराएर एक चरणको सन्देश दिएका छ । दुई युवाहरुको विजयले अब कुनै पनि बेला काँग्रेसमा नेतृत्व परिवर्तन हुन सक्छ है । महाधिवशेन प्रतिनिधि कुनै गुठ विशेषका दास हुन सक्दैनन भन्ने स्पष्ट सन्देश दिएको छ । यता, नेकपा माओवादी केन्द्रको पनि राष्ट्रिय महाधिवेशन हुँदैछ । यहाँ पनि नेतृत्व परिवर्तनको कुनै गुन्जास नै छैन । युद्धदेखि लोकतान्त्रिक प्रक्रियासम्म प्रचण्डको एकल नेतृत्वले पार्टी चलेको छ । परिवर्तनको चर्को मुद्दा उठाउनेहरुले व्यक्तिगत स्वार्थ त्यागेर मुद्दालाई प्राथमिकता दिने हो भने परिवर्तन सम्भव छ । चिसो पानीले नुहाउनु पर्ने छैन ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः जनकराज पौडेल (९८५७६२०६४९)
उपप्रमुखः सुरेन्द्र खड्का (९८५७६२०१६६)

**जैमिनी नगरपालिका**
प्रमुखः इन्द्रराज पौडेल (९८४७७२९५३६)
उपप्रमुखः लिला राना (९८५७६२२२४३)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः रेनुका काउचा (९८५११४०८७९)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः करमति पुन मगर (९८४६८३८१९०)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः अमर थापा (९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री (९८४७६३७१७४)

**ताराखोला गाउँपालिका**
अध्यक्षः प्रकाश घर्ति मगर (९८५७६६६११२६)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६७०१८४)

**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः डिल कुमारी पुन (९८४७६८३०६०)

**बडिगाड गाउँपालिका**
अध्यक्षः मेहरसिंह पाईजा (९८४६८८३४६५)
उपाध्यक्षः अमर बहादुर श्रीस (९८४७२००३९८)

**निसीखोला गाउँपालिका**
अध्यक्षः तारानाथ शर्मा (९८०६१९७५११)
उपाध्यक्षः शोभा कुमारी कार्की (९८४७७२९८६६)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः मानसरी शेरचन (९८६७६०५३९१)

# तहसनहसपछि राष्ट्रियताको संकल्पले उठेका विश्व शक्तिराष्ट्र




● विनु पोखरेल

आफ्नो आलेख पढेर आएका प्रतिक्रिया हेर्न सकेसम्म छुटाउन्नँ । केही दिनअघि उदारीकरणका विषयमा प्रकाशित लेखबारे प्राप्त एउटा प्रतिक्रिया खुबै टिठ लाग्दो थियो । एकजनाले भन्नुभएको रहेछ- उदारीकरण बेगर कुन देश धनी भएका छन् ? अर्को एक जना सम्पादकले प्रतिक्रिया दिंदै सञ्जालमा लेख्नुभएको थियो, विदेशीको सामाजिक सञ्जाल चलाएर राष्ट्रियताको कुरा गर्ने ? सम्पादक ज्यू, तथ्य त यस्तो छ कि खासमा दूरदर्शन यहीं संस्कृतिमा तयार भयो । त्यो पनि आज होइन, चार हजार वर्ष पहिले । जसको प्रमाण हामी महाभारतमा पनि पाउँछौं । हस्तिनापुर बसेर कुरुक्षेत्रमा भएको युद्धबारे नबिराइ संजयले चर्मचक्षु विहीन (आँखा नदेख्ने) धृतराष्ट्रलाई बताएको युद्ध विवरणले यसलाई पुष्टि गर्छ ।

यसबाट त्यो बेला नै दूरसंचारको विकास भएको थियो भन्न सकिन्छ (भगवद्गीता, एक अध्याय) । बरु आधुनिक प्रविधि अहिले तयार भएको हो । तपाईंले फेरि भन्नु हुनेछ- सुरु गरेर हुन्छ ? त्यसपछिको विकास किन नगरेको त ? त्यो तपाईंजस्तै आफ्नो भएकोमा विश्वास नगर्ने र अरुको सबै उत्कृष्ट ठान्ने मानसकिताका कारण हामीले हामीलाई उठाउन नसेकका कारणले भएको हो । संचार कस्तो थियो परापूर्वकालमा भनेर अर्को आलेखमा चर्चा गरौंला । आजको आलेखमा भने भौतिक विकासमा निक्कै माथि उक्लिएका देशहरु कसरी त्यहाँ पुगे, के उनीहरुले देशमा भएका सामान बेच्न व्यापारी भित्र्याए या भित्रिएका व्यापारी खेदाए ? यसबारे बुझ्न आजका सबैभन्दा धनी देशहरुको इतिहास हेरौं ।

उसै पनि युद्ध खेपिरहेको जापानका दुई सहर हिरोसिमा र नागासाकीमा अमेरिकाले बम खसाल्यो (१९४५, ६ र ९ अगष्ट ) । जुन आजसम्मकै सबैभन्दा क्रुर घटना थियो । हिरोसिमाको तीन लाख पचास हजार जनसंख्यामा आधा मरे भने नागासाकीमा ७५ हजार मान्छे तत्काल मरे । तर आणविक विकिरणले वषौं वर्षसम्म मान्छे मरिरहे । भनिएको छ- त्यो विस्फोटमा पर्नेहरु कुनै न कुनै रुपमा रोगी भए । तिनीहरुलाई जापानी भाषामा 'हिवाकुशा' भनिन्थ्यो । त्यस्ता 'हिवाकुशाहरु धेरै नै थिए । यस्तो परिणाम भोगेको जापानले १४ अगष्ट १९४५ मा विनाशर्त दोस्रो महासमरमा आत्मसर्मपण गर्यो ।

युद्धले ध्वस्त भएको जापानसँग त्यो मरुभूमि टाढैबाट हेरेर रुनु सिवाय अरु केही थिएन । युद्धले उनीहरुको अर्थतन्त्र मात्र सकिएको थिएन, देश नै मरुभूमि भएको थियो । जापान अब उठ्छ भन्ने कसैले सोचेका पनि थिएनन् । यसअघि सोह्रौं शताब्दीमा पाँच देश अंग्रेज, डच, स्पिेनिज, फ्रान्सिसदेखि अमेरिकनको गुलामीमा फसेको थियो जापान । जापानलाई यिनीहरुको गुलामीबाट निकाल्न मैजी नामक नेताको नाम कहिल्यै भुल्दैन जापानले । ती नेपालका राणाहरु जस्ता थिए । जसलाई मैजी एरा( १८६८) नै भनिन्छ । गुगलमा गएर मैजी एरा लेखे पनि अधिकांश कुरा पढ्न पाइन्छ । त्यसबेला नै चलेको स्वदेशी क्रान्ति दोस्रो देशसँग भिख माग्नुको साटो आफैं मेहनत गरेर पुँजी बनाऔं भन्ने भावनाले ओतप्रोत थियो जापान ।

जनता नै सारा उठेर यसमा साथ दिएका थिए । जसले विदेशीका सामान किन्न बन्द गर्ने अभियान चलाएका थिए र त्यहीं अभियानबाट विदेशी कम्पनी भगाएका थिए । पछिल्लो प्रभाव पनि त्यो अभियानकै हो । जापानलाई माथि उठाउँन जनताको अठोट थियो उही तलवमा हामी आठ घण्टाको ठाउँमा १२ घण्टा काम गर्नेछौं । यसरी जापानमा राष्ट्रिय भावनाले ओतप्रोत अभियान सुरुभयो । महासमरमा ध्वस्त जापानमा १९५०-१९७० सम्म 'जापानी होऊ, जापानी सामान किनौं' आन्दोलन चल्यो .। World War II and defeat

संस्कृति बचाउन पनि जापानले धेरै कुरा अनिवार्य गरायो । जस्तैः विदेशी फर्निचर घरभित्र राख्न नपाइने, घर बनाउँदा आफ्ना कला संस्कृति झल्कने या बौद्धधर्म झल्कने बनाइनुपर्ने, भान्सामा कुर्सी राख्न नपाइने किनकि त्यहाँ पलेटी कसेर खाना खाने चलन हुन्छ । गरिब भएर होइन तर त्यहाँका भान्सामा आजपनि काठका भाडाकुँडा हुन्छन् किनकि उनीहरुको यो संस्कृति हो । उनको संस्कृतिमा यसको अनुमति छैन ।

जापानिज भाषा प्रयोग गर्छन्, जापानिज सामान प्रयोग गर्छन्, जापानिज संस्कृति जस्ताको तस्तै लिएर आएका छन् र उनीहरु समृद्ध पनि छन् । यसरी भाषा, देशभक्ति, भुषा, संस्कृति, धर्म केही नछोडी राष्ट्रियताको अभियानले ३० वर्ष काट्दा नकाट्दै संसारकै ठूलो निर्यातको देश बन्यो जापान । आज पनि जापानमा यही अभियान जारी छ । संस्कृति साथमा लिएर हिंडेको जापान हेरौं आज कहाँ छ ? राष्ट्रियतामा यति अडिग छन् कि, त्यहाँका कुनै नेतालाई भ्रष्टाचारको मुद्दा लागेमा र मिडियामा त्यो कुरा आए आफ्नो देशको स्वाभिमानमा आँच आएको महसुस गरेर आत्महत्या गर्छन् । पछिल्लो उदाहरण 'तोसियो अकागी' नामका नेता हुन् । जसले भर्खरै मात्र आत्महत्या गरेका छन् । यसरी भनौं- राष्ट्रियताको कसीमा बाँधिएरै जापान आजको जापान भएको हो ।

त्यस्तै अर्को राष्ट्रियताको नाराले उठेको देश हो फ्रान्स । पहिलो महासमर (१९१४-१९१८) जितेको फ्रान्स दोस्रो महासमर (१९४५)मा हार खायो । त्यो बेलाको सरकारको नेतृत्व गरिरहेका चार्ल्स दि गौल निक्कै चिन्तनशील नेता थिए । उनले फ्रान्सले के कारणले हार खायो भनेर खुब अनुसन्धान गरेर बसेका थिए । फ्रान्समा १९३६ मा टेलिभिजन भित्रिएको थियो । योबीचमा रक्सीका पसल , क्यासिनो, सिनेमा हल धेरै नै खोलिएका थिए । तर दोस्रोपटक जब जर्मनले आक्रमण गर्यो तब फ्रान्सले कुनै प्रतिकार गर्न सकेन । यी फोस्रा मनोरञ्जनमा जनता भुलेका कारण देशले हार खप्नु परेको दि गौलको निष्कर्ष थियो ।

जब १९४५ पछि दि गौल पुन नेतृत्वमा आए या भनौं प्रधानमन्त्री भए । तब उसको पहिलो काम सिनेमा घर फोर्ने, टिभी प्रसारण बन्द गर्ने काम गरे । हाम्रो जस्तो पश्चिमाले चलाएका भारतीय च्यानलको खुलेआम यहाँ प्रसारण भए जस्तै त्यहाँ जर्मन र अमेरिकन प्रभाव थियो । तर यहाँसम्म कि फ्रान्समा अन्य देशबाट आउने सिग्नल रोक्नकै लागि पनि दुई स्याटलाइट छोडियो । जसले आज पनि काम गरिहेको छ । उनीहरुले रक्सीका पसल बन्द गराए । अनि हरेकमा 'फ्रेन्च होऊ, फ्रेन्च सामान किन' भन्ने सूचना पुर्याए ।

म आफैँ त फ्रान्स पुगेको छैन, तर त्यहाँ पुगेकाहरु भन्नुहुन्छ- आज पनि स्कूलका बोर्डमा 'फ्रेन्च बन फ्रेन्च सामान किन' भनेर लेखेको हुन्छ रे । साथै फ्रेन्चहरु उनीहरुका अगाडि अंग्रेजी बोल्यो भने रिसाउँछन् रे । तर फ्रेन्च बोल्ने भेट्दा एकदमै खुसी हुन्छन् रे । यसको मतलव फ्रान्सले पैसा विदेशिन रोकेको मात्र हैन, आफ्नो भाषा संस्कृति पनि संरक्षण गरेको छ । तब फ्रान्स आजको फ्रान्स बन्यो । विश्वका विभिन्न देशमा आफ्नो शासन जमाउन पुग्ने आजको अमेरिकाले १६०७ देखि १७८३ सम्म ब्रिटिस राज खपेको थियो । विभिन्न २३ वटा उपनिवेश बनाएर अमेरिकामा राज गरेको ब्रिटिस साम्राज्यको गुलामी नसहने भन्दै १७७५ देखि उनीहरुका हरेक कुरा अवज्ञा सुरु भयो ।

व्यापारको लागि आएर आर्थिक स्रोतमा कब्जा गर्दै सत्ता नै कब्जा गर्न पुगेको अंग्रेजसँग १७७६ देखि १७८१ सम्म ठूलो युद्ध गरे अमेरिकनहरुले । जसलाई 'अमेरिकन वार अफ इन्डिपेन्डेस' भनिन्छ । American War of Independence

अंग्रेज सेनाको हलमा आगो लगाइदिएर आन्दोलनको हुँकार गरेका थिए अमेरिकनले । जसलाई आज पनि 'बोस्टन टी पार्टी' नामले चिनिन्छ ।

............. बाँकी ६ पेजमा

## साप्ताहिक राशिफल

**मेषः** धैर्य एवं लगनशीलताले विभिन्न अवसर दिलाउनेछ । प्रेम जीवन र दाम्पत्य जीवनमा मधुरता छाउनेछ ।

**बृषः** धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ । सानातिना बाधा आइलागे पनि आˆनो काम रोकिने छैन । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिथुनः** लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ । शुभकार्यको चर्चा पनि चल्नेछ । शेयर बजारबाट पनि फाइदा हुनेछ ।

**कर्कटः** आस मारिसकेको काम बन्नेछ । विद्यामा सफलता र मान प्रतिष्ठामा वृद्धि पनि होला ।

**सिंहः** लामो समयदेखिका बाधाहरू स्वतः फुकुवा हुनेछन् । अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ ।

**कन्याः** चुनौतीहरूसमेत सामना गर्नुपर्ने हुन सक्छ । पुरानो र बिर्सिसकेको साथीसँग भेट हुने सम्भावना छ ।

**तुलाः** रमणीय र सुखद् यात्राको योग छ । घर परिवारमा धार्मिक कृत्यको योग छ । पठनपाठन र शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ ।

**वृश्चिकः** आफन्तहरूको सहयोगले कामहरू अगाडि बढ्नेछन् । बौद्धिक कार्यमा सफलता मिल्नेछ । रोकिएको धन पनि हात पर्न सक्छ ।

**धनुः** छोटो दुरीको लाभदायक यात्रा हुनेछ । पारिवारिक जीवन सन्तोषप्रद रहनेछ । आफ्नै दक्षतामा विभिन्न कार्यहरू सम्पन्न हुनेछन् ।

**मकरः** अनावश्यक र फजुलमा खर्च बढ्नेछ । मन खिन्न हुने स्थिति आउनेछ । रोकिएका काम पुनः सुरु हुन सक्छन् ।

**कुम्भः** लगनशीलताले कामहरू पनि अगाडि बढ्नेछन् । समाजिक कार्यमा मन जाला । बोलीको प्रभाव बढ्दै जानेछ ।

**मीनः** मित्रबाट विशेष सहयोग मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइनेछ । शुभ समाचार पनि सुन्न पाइएला ।

-ज्यो.प. नारायणप्रसाद ढुलाल

स्रोतः हाम्रोपात्रो



# काठेखोला गतिविधि



काठेखोला गाउँपालिका वडा नम्बर ७ रेशको रेश नुन्थला माध्यमिक विद्यालयको कम्प्युटर ल्याबमा कम्प्युटर सिक्दै गरेका विद्यार्थीहरु ।
-तस्विर: जननिगरानी साप्ताहिक

## भीमापोखरामा शैक्षिकस्तर वृद्धि सम्बन्धी कार्यमुलक अनुसन्धान कार्यशाला तालिम

**जननिगरानी संवाददाता**
**बागलुङ**

काठेखोला गाउँपालिका वडा नम्बर २ भीमापोखराका विद्यालयहरुको शैक्षिकस्तर वृद्धिका लागि शिक्षकहरुलाई ५ दिने कार्यमुलक अनुसन्धान कार्यशाला सुरु भएको छ ।

विद्यालय शैक्षिक सुधार योजनाको आयोजनामा शुक्रबारदेखि सुरु भएको कार्यशालाको उद्घाटन पछि बोल्दै वडा अध्यक्ष विद्यापति शर्माले तालिममा लगनशिल भई सहभागि हुन आग्रह गर्नुभएको थियो । उहाँले विद्यार्थीहरु देशका कर्णधार भएकाले उनीहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न र असल बाटो हिडाउनको लागि शिक्षकहरुको महत्वपूर्ण भूमिका हुने भएकाले शैक्षिकस्तर वृद्धिका लागि उक्त तालिम फलदायी हुने बताउनुभयो ।



कार्यक्रममा नेकपा एमाले वडा कमिटी भीमापोखराका सचिव ऋषिराम शर्मा, नेपाली काँग्रेस वडा समिति भीमापोखराकी सचिव विष्णु थापा, राप्रपा भीमापोखराका अध्यक्ष मान बहादुर कार्की र तालिमका सहायक प्रशिक्षक होमनाथ गौतमले

.............बाँकी ६ पेजमा

काठेखोला गाउँपालिका र यस जननिगरानी साप्ताहिकको सहकार्यमा यस पेज काठेखोला गतिविधिको रुपमा प्रकाशित गरिदै आएको छ । यस पेजमा गाउँपालिकाले गरेका गतिविधिलाई र गाउँपालिका भित्र भइरहेका गतिविधिहरुलाई नागरिकसम्म पुऱ्याउन सहयोग गर्ने उद्धेश्यले प्रकाशित गरिएकाले हजुरहरूको टोल, छिमेकमा हुने घटनाहरू र काठेखोला गाउँपालिकासँग सम्बन्धित लेख, रचनाहरू भएमा हाम्रो सम्पर्क नम्बर र इमेलमा पठाइ सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्क: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
jananigrani.bgl@gmail.com

### काठेखोला गाउँपालिकका महत्वपूर्ण फोन नम्बरहरु

**वडाअध्यक्षहरु**

अध्यक्षः अमर थापा
(९८५७६२२५७५)
उपाध्यक्षः अर्जुन बहादुर खत्री
(९८५७६७७०१६)

**प्रमुख प्रशासकीय अधिकृत**

चुडा बहादुर कार्की
(९८५७६२०६९४)

**कार्यपालिका सदस्य**

टिकासंगम विक
(९८५७६७७००९)
नैनाकली खड्का
(९८५७६७७०१३)
हेमलाल वि.क.
(९८५७६७७०१०)
जमुना कंडेल
(९८५७६७७०१२)
सारादा कुमारी थापा
(९८५७६७७०१४)
सुन्तली वि.क.
(९८५७६७७०११)

**वडाअध्यक्षहरु**

वडा नम्बर १
अध्यक्षः खड्कबहादुर थापा
(९८५७६७७००१)
वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा
(९८५७६७७००२)
वडा नम्बर ३
अध्यक्षः यामबहादुर श्रीस
(९८५७६७७००३)
वडा नम्बर ४
अध्यक्षः केशरबहादुर थापा
(९८५७६७७००४)
वडा नम्बर ५
अध्यक्षः शिवप्रसाद कंडेल
(९८५७६७७००५)
वडा नम्बर ६
अध्यक्षः युक्तप्रशाद कंडेल
(९८५७६७७००६)
वडा नम्बर ७
अध्यक्षः प्रेम लामिछाने
(९८५७६७७००७)
वडा नम्बर ८
अध्यक्षः चित्रकला छन्त्याल
(९८५७६७७००८)

घर आगन सफा राखौं ।
संक्रमण रोगबा बचौं ।
*-काठेखोला गाउँपालिका*

- पक्कि शौचालय बनाई नियमित प्रयोग गरौं ।
- निम्न अवस्थामा अनिवार्य रुपमा सावुन पानीले हात धुने बानी बसालौं ।
  # चर्पिको प्रयोग गरेपछि
  # खाना खानु वा खुवाउनु अघि
  # खाना बनाउनु अघि
  # फोहोर चिज छोएपछि
- पानी शुद्धिकरण गरेर मात्र पिउने गरौं ।
- मुहानदेखि मुखसम्म पानी सुरक्षा गरौं ।
- घर आँगन सफा राखौं ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।
- सुधारिएको चुल्हो प्रयोग गरी घरलाई धुवा रहित बनाऔं ।
- बातावरणीय सरसफाइमा ध्यान दिऔं ।
- सरसफाइका सूचकहरू पुरा गरी आफ्नो गाउँलाई पूर्ण सरसफाई गाउँ बनाऔं ।

**काठेखोला गाउँपालिकाको कार्यालय, विहुँकोट, बागलुङ**



# ‘युधिष्ठिर’ अर्थात् जुवाडेको कर्तुत

**पुस्तक समिक्षाः**



खिमानन्द पोखरेल




अमेरिकामा बसेर साहित्यलाई अत्यन्त मायाँ गर्ने व्यक्तिको नाम हो सर्वज्ञ वाग्ले । साहित्यमा देखिने गरेका नौला-नौला आयामलाई टपक्क टिपेर माला उन्न सक्ने सामर्थ्यवान् व्यक्तिको नाम हो सर्वज्ञ वाग्ले । सानैदेखि साहित्यका विविध आयाम पढ्न लेख्न मन पराउनु, साहित्यिक परिवेशसँग घुलमिल गर्न मन पराउनु उनको आफ्नै साहित्यप्रतिको मोह हो । उनी पढ्न लेख्न र संवाद गर्न अति मन पराउँछन् । उनको चालचलनमा निक्खरता छ । बोलीमा मृदुलता र स्वभावमा सहनशीलता छ । छुच्चो बोली बोल्नु हुँदैन भन्ने मान्यता राख्ने वाग्लेले साहित्य प्रेमीहरूलाई जुम, भर्चुअलको माध्यामद्वारा साहित्यिक मनहरूसँग जोडिने काम गरेका छन् । सर्वत्र सामाजिक सञ्जालमा छरिने काम गरेका छन् । साहित्यको विकास हुनुपर्छ साहित्यिक सञ्जाल नै हाम्रो अमूल्य सम्पत्ति हो भन्ने सोच राख्ने वाग्लेको विचारसँग मेल खाने पक्षको सञ्जाल ठुलो छ ।

उनको मान्यता खारिएको साहित्य लेख्नुपर्छ भन्ने हो भनेर भन्नुपर्दा अवश्य नै उनीप्रति न्याय गरेको ठहरिने छ । अमेरिकामा बसेर भाषा साहित्यको सेवा गर्नुभनेको अक्षरको साधना गर्नुको साथै देशलाई पनि मायाँ गर्नु हो । भाषाप्रेमी भएकै कारण उनले साहित्यप्रति गरेको अथक परिश्रमबाट साहित्यिक फल प्राप्त गरेका सङ्गहहरू यसप्रकार रहेका छन् । उनको पहिलो कृतिका रूपमा देखा परेको छ जुवाघर (हास्य व्यङ्ग्य निबन्ध सङ्ग्रह) (२०६८), दोस्रो कृतिको नाम हो क्यासिनोको कथा (२०६९) अनि तीन वर्षको अन्तरालमा देखा परेको तेस्रो कृतिको नाम हो युधिष्ठिर ( २०७२), उनको चौथो कृतिका रूपमा देखा परेको कृतिको नाम हो साँढे ( हास्य व्यङ्ग्य सङ्ग्रह) (२०७४) यो पनि दुई वर्षपछि निस्केको सङ्ग्रह हो । उनको अन्तिम अथवा पाचौँ कृतिका रूपमा देखा परेको छ पुनर्वास ( उपन्यास) सङ्ग्रह (२०७६) उनले साहित्यमा केकति योगदान गरे भन्ने कुरा त उनीद्वारा प्रकाशनमा आएका विभिन्न विधाका सङ्ग्रहले नै स्पष्ट पार्छ ।

आज मेरो हातमा उनीद्वारा लेखिएको कथासङ्ग्रह युधिष्ठिर छ । यो कथासङ्ग्रह २०७२ सालमा बजारमा आएको हो । यो सङ्ग्रहभित्र जम्मा चौबिसओटा कथा छन् । यो कथासङ्ग्रह युधिष्ठिर पौराणिक जुवाडे पात्रको नाम हो । जुवा खेल्ने बानी लागेपछि एक न एकदिन सम्पत्तिको सर्वनाश हुन्छ । पार्टीको वास हुन्छ भन्ने जान्दाजान्दै पनि मानिस जुवा खेल्छन् । यो लतमा लागेको मानिसलाई छुटाउन मुस्किल पर्छ जब उसले जुवामा सबै थोक हार्छ तब मात्र उसको चेत खुल्छ । जसले भविष्यसँग खेलवाड गर्छ ऊ भुमरीमा पर्छ भन्ने कुरा सत्य हो । राम्रो कामको मूल्याङ्कन असल व्यक्तिले मात्र गर्न जानेको हुन्छ । खराब प्रवृत्तिका मानिस आफू त स्वतः बिग्रिन्छन् आफू बिग्रेको मान्छेले अरूलाई सजिलैसँग बिगार्न सक्छ । खराब व्यक्तिले असल मान्छेलाई खाडलमा हाल्न सक्छन् । तसर्थ ती व्यक्तिसँग सतर्क रहनु आवश्यक मानिन्छ । यो कथासङ्ग्रहभित्र रहेका पात्रहरू काल्पनिक भए पनि सत्य घटनामा आधारित छन् ।

‘आफैँ उठ्छु’ यो सङ्ग्रहभित्रको पहिलो कथा हो । सुदूर पश्चिमको सम्भ्रान्त परिवारमा जन्मिएको मान्छे पैसा भएकै कारण राजधानीमा होमिन्छ । पैसाकै कारण चुनाउ जित्छ । चुनाउ जितिसकेपछि राजधानीको बानेश्वरजस्तो ठाउँमा घर जोड्छ । नेता भइसकेपछि नेताको पछाडि लाग्ने मान्छे धेरै हुन्छन् । नेताको पछि लाग्ने कुनै एक विश्वासी पात्रले मेरो एउटा साथीको काम गराइदिनुपर्‍यो भन्ने नाता गाँसेर क्यासिनोको जि.यम.सँग परिचय गराइदिन्छ । जीवनमा पहिलोपल्ट ती नेताको क्यासिनोमा प्रवेश हुन्छ । बिस्तारै क्यासिनोको जि.यम.ले ती नेताका केही कार्यकर्तालाई समेत जागिर खुवाइदिन्छ । ती नेता आफैँ ठकुरी खानदानको भएकाले रमाइलो गर्नुपर्छ भन्ने कुरा मनमा विकसित हुन्छ । यस्तै यहाँ राजा विराटले कङ्कसँग जुवा खेल्दाको महाभारतको प्रसङ्गलाई समेत जोडिएको छ । ती ठकुरी परिवारका नेता क्यासिनो छिर्न थालेपछि त्यहाँको व्यवस्थापनले सम्मानपूर्वक उनलाई खाना खुवाउने र गाडीमै घर पुर्‍याइदिने व्यवस्था गर्न थाल्छ । उनको मन बिस्तारै क्यासिनोमा खेलिने जुवातासप्रति आकर्षित हुँदै जान्छ । जुवा खेल्ने लत लागेपछि राजधानीजस्तो ठाउँमा रहेको घर कौडीको मोलमा फालिन्छ । जुवामा करोडौँ हारिसकेपछि उनलाई क्यासिनो गेटमै रोक्न थालियो । सापटी नगद दिनेहरूले पनि उनलाई खोज्न थाले । यो कथाको अन्तिम निचोडले के भन्छ भने दुःख पाइस् मङ्गले, आफ्नै ढङ्ले भन्ने उखान चरितार्थ हुन्छ । मानिस सङ्गतले बिग्रिन्छ भनेको पनि यही हो । हामीलाई यो कथाले असल काम कुरोको पछि दौडिनुपर्छ भन्ने पाठ सिकाएको छ ।

‘हिँड्न नजान्दा’ यो कथामा पारिवारिक सन्तुष्टि देखाइए पनि अन्त्यमा छोरीको जेठाजुले क्यासिनोमा गएर लाखौँ रुपियाँ हार्न थालेको असन्तुष्टिका कुरा देखाइएको छ । यो कथामा सापटी एक लाख लिएको साहू घरमा आएर व्याज जोडी सापटी लिएको कागज बनाइगएको कुरा र यो रुपियाँ तिर्न नसके घर खाली गरिदिने सर्तअनुसार घर खाली गरिदिनुपर्ने कुरामा भाइलाई चोट पर्दा विष सेवन गरी मर्नुपरेको अत्यन्त दुःखदायी घटना भएको देखिन्छ यो कथामा ।

“ आफ्नै छाया आफैँलाई कालो” शीर्षक कथामा एक मात्र छोरी जो अत्यन्त लजाउने तर पढ्नमा भने साह्रै चलाख हुन्छे । उनको बाबु सधै क्यासिनो जाने र क्यासिनोबाट रक्सी सेवन गरी आएपछि स्वास्नीलाई कुट्ने गर्दा छोरी डराउनुपर्ने कारण यही बन्छ । रक्सी खान छोडेपछि छोरीले आफ्नो सर्त मान्न बाबुलाई बाध्य पार्छिन् । बाबुको बानी सुध्रिएपछि छोरीले पनि आफ्नो लजालुपन त्यागेर निडर, शाहसी र बोलक्कड बन्छिन् भन्ने कुरा उल्लेख गरिएको छ ।

‘अन्तिम इच्छा’ यो कथामा शीर्षकअनुसारको कार्य गरिएको छ । क्यासिनो पुगेर जुवा खेल्दाखेल्दै बाबुको प्राण गएको छ । “आफ्नै जिन्दगी आफैँ सहिद” काजी साहेबको जुवाले अन्तिम रूप लिन्छ । बाहिर नेपाल बन्दको नारासहित जिन्दावाद र मुर्दावाद घन्किरहन्छ । काजी साहेबको लास उठ्न सकेको छैन । छोराछोरीहरूलाई एकछिन तिमीहरू बस म यो जुलुसमा गएर लास उठाउने आग्रह गर्छु भन्दै निलुबाहिर गएको अवस्थामा जुलुसको भिडभाडबाट गोली चल्छ । त्यही भिडभाडबाट आएको गोली सिधा निलुको टाउकामा लाग्न पुग्छ । निलुको टाउकामा गोली लागिसकेपछि निलु आफैँ सहिद बन्न पुगेको कुरा यो प्रसङ्गमा यसरी उठाएको देखिन्छ ।

‘सन्तोषको सास’ यो कथाले गाउँमा चल्ने गरेको तास, जुवाजस्तो विकृतिलाई हटाएर आमासमूह गठन गरी सेवा गर्ने प्रण गरेको छ । बलराम घर्तीकी छोरी जमुनाले अन्त्यमा आएर आमाकै कार्यलाई निरन्तरता दिँदै सेवा गर्ने प्रण गरेकी छन् ।

‘प्रेम लुकाउनु हुँदैन’ प्रेम अन्त्यमा गएर एकै ठाउँ बाँधिएको छ । रोशन र प्रतिभाको प्रेमको लामो प्रतीक्षाले खुल्ला आकास विचरण गर्ने मौका पाएको छ ।

‘म कहाँ छु’ भन्ने कथामा ‘छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी’ को उखान चरितार्थ भएको छ । पैसा जम्मा गर्न नसकेर बाध्यतावश अप्रेसन गरी मृत छोरा जन्माउनुपरेको छ । क्यासिनोमा जुवा खेल्दा हारेको पैसा यदि अहिले भएको भए छोरा सकुशल जन्मने थियो भन्ने पछुतो भएको छ । पछि पछुताएर केही हुँदैन बेलैमा बुद्धि आउनुपर्छ भन्ने कुरा देखिन्छ ।

‘मेनेजरको आत्महत्या’ क्यासिनो जुवा खेलाउने अखाडा घर हो । जुवा खेल्दाखेल्दै घर समेत हार्न पुगेर आत्महत्या गरिएको छ । जुवा सर्वनाशी भन्ने नबुझेर जीवन उथलपुथल पारिदिएको छ । कुसङ्गत र कुलतमा फसेपछि सम्पूर्ण सम्पत्ति र घरबार समेत भङ्ग हुन्छ भन्ने कुरा सत्य साबित भएको छ ।

‘सोमको सहास’ कथामा विषय सूचीमा सोमको उमेर हुँदैन भन्ने उल्लेख गरिएको छ भने यस कथामा कुन शीर्षकलाई सत्य मान्ने भन्ने प्रश्न उठ्छ के भएर यस्तो हुन गएको हो यसबारे अलि अस्पष्ट भएको छ । झ्यालबाट हाम फाल्ने सोमको साहासी कार्यले अन्य साथीहरूलाई बचाउन उसले ठुलो भूमिका खेलेको र गाउँले लगायत पुलिस प्रशासनको सहायताले अपहरणकारीलाई घेरा हाल्न लगाई आफूसँगै अपहरणमा परेका साथीहरूलाई सोमले मुक्त गर्ने कार्य गरेको छ ।

“ अपराधी” अमेरिका बसेर आफ्नो देश फिरेको प्रदीपका साथीहरूमा देखिएको कुविचार र साथीभाइलाई क्यासिनो छिराउने दाउपेचमा लागेका साथीहरूको मनस्थिति नै अपराधी रहेछ । उनीहरूले आपसमा साउती गरी सल्लाह गरेको कुरा सुन्नु प्रदीपलाई शङ्का लागेर ती टोलीबाट अलग हुनु, पुलिसले क्यासिनोमा छापा मार्दा उनीहरूलाई अपराधी साबित गर्दै बालकको लास टुक्रा-टुक्रा पारी सुटकेसमा राखेको समाचार टेलीभिजनबाट प्रसार हुनु, उनीहरूसँग अलग भएर घरमा गएपछि त्यस प्रकारको दृष्य टेलीभिजनमा देख्नु अनि प्रदीपको आमालाई अब म यस्ता साथीहरूसँग कहिल्यै सङ्गत गर्दिंन केही गरेर देखाउँछु भनि प्रतिज्ञा गर्नु जस्ता कुराहरू अपराधी कथामा रहेका छन् ।

‘सफल आमा’ यो कथाले सफल आमाको भूमिका निभाएको छ । छोराको बाबुलाई जुवाडेको लतबाट हटाइएको छ । बाबु जुवाडे भएकै कारण छोराले नोट लुकाएर गन्दा छोरो पनि कुलतमा फसेको हो कि भनी आमाले चेतावनी दिएकी छन् । अन्त्यमा छोराले राम्रो काम गरको रहेछ भन्ने कुराले पछुतो भएको छ । छोराको राम्रो काम देखेर बाबुआमा खुसी हुँदै उसलाई सघाएका छन् ।

‘कस्तो जुवाडे’ खेमले जुवा खेल्ने झोकमा छोरो कुट्दा नाथ्री फुटी बेहोस भएको, मुखबाट चारओटा दाँत झरेको यी सबै जुवाको झोकमा छोरो कुट्दा खेमले केही थाहा पाउँदैन । नजिकबाट देख्नेहरूले पनि कस्तो जुवाडे आफूले आफ्नै छोरा कुटेको पनि थाहा नपाउने ? भन्दै बोलिरहेका कुराहरूलाई यहाँ मार्मिक तरिकाले वर्णन गरिएको छ ।

“चार्ल्सको गिरफ्तारी” चार्ल्स शोभराजको गिरफ्तारी क्यासिनोबाट भएको छ । क्यासिनोमा जुवा खेल्न आउने तर लामो समयसम्म टिकेर खेल्न नसक्ने व्यक्ति हो शोभराज । ऊ अत्यन्त चलाख मानिसको नाममा दर्ज भएको छ । उसले जसलाई साथी बनाउँछ त्यसैको हत्या गरेर निजको पासपोर्ट बोकी देशविदेशमा यात्रा गर्ने व्यक्ति हो शोभराज । ऊ नक्कली काम गर्न खप्पिस छ । कथाको अन्त्यमा आएर पुलिसले उसलाई क्यासिनोबाटै गिरफ्तारी गर्छ । यसरी शोभराजको पतन हुन्छ ।

‘बाँच्ने मन’ यो कथा सीमाको दर्दनाक व्यथाले भरिएको छ । लोग्नेले क्यासिनोमा गएर सम्पत्ति उडाएको कथा छ । बालबच्चाको भविष्यका लागि सीमा खाडी मुलुकमा गएर काम गरेको व्यथा छ । यो कथा अत्यन्त दुःखदपूर्ण पीडैपीडाले भरिएको घाउका अनेक पाटाहरूले भरिएको छ ।

‘जुवामा करोडपति’ करोडपति जुवा खेल्दाखेल्दै टाट पल्टिएको छ । उसलाई क्यासिनोबाट गलहत्याए पनि पुनः ढोकामै आएर लम्पसार भएको छ । उसको घरबाट स्वास्नी छोराछोरीले निकालिदिएका छन् । पैसा हुँदा सम्मान पैसा नहुँदा अपमानको व्यवहार देखिएको छ । ‘छन् गेडी सबै मेरी छैनन् गेडी सबै टेढी’को उखान चरितार्थ भएको छ । अन्त्यमा मेनेजरले उसलाई क्यासिनोभित्र व्यापार गर्ने अनुमति दिएपछि खुसी हुन पुगेको कुरा दर्साइएको छ ।

‘बाह्रमासे’ नराम्रो लतमा फसेपछि बाबुआमा र श्रीमती समेतलाई दिक्दारी भएको छ । बुहारीले सासू, ससुरा र देवरको हेरचाह राम्रोसँग गरेकी छन् । विवाह भएको दस वर्षसम्म बुहारीलाई सन्तान भएको छैन । साथीभाइको सङ्गतमा लागेर छोराले रक्सी पिउनुपरेका कुरा छन् । अन्त्यमा आफूले गरेको खराब आचरणलाई स्विकार्दै उसले श्रीमतीको अगाडि मेटासिट खाएर जीवन विसर्जन गरिदिन्छ ।

‘कुलतमा कल’ भाइ जुवा तासको लतमा फसेपछि आमाको उपचार गर्न श्रीमतीले दिएको २५ हजार रुपियाँ भाइले नै चट पारेको र भाइ अपहरण काण्डमा परी उसको नाम बाहिर आउँदा दुखेसो लागेको अनी आमाको उपचार गर्नका लागि पैसा नभएर छटपटिनुपरेको कुराले प्राथमिकता पाएको छ यो कथामा ।

‘सङ्गत’ राम्रो मान्छेको सङ्गत गर्‍यो भने असल र खराब मानिसको हातमा जीवन पर्‍यो भने सड्छ । डोल्माको जीवन पनि त्यस्तै भएको छ । जुवाको लतमा परेकाहरू जे गर्न पनि तयार हुन्छन् । उनीहरू कसैलाई अपहरण गरेर भए पनि पैसाको बार्गेनिङ गर्न सक्छन् । यस्तैमा एउटा जुवाडे मास्टरले ख्यातिको शरीरलाई टुक्रा-टुक्रा पारी सुटकेसमा राखेको प्रसङ्गलाई समेत यहाँ जोडिएको छ । त्यसैले भनिन्छ राम्रो सङ्गतबाहेक नराम्रो सङ्गत गर्नु हुँदैन भनेर ।

‘हत्यारा’ छोराछोरी शिक्षित बनाउने कुरामा यो बनाउँछु त्यो बनाउँछु भनेर भाग लगाइएको छ । यस्तैमा छोराहरूको व्यवहारमा परिवर्तन देखिँदै जान थाल्छ । उनीहरू खेल्दाखेल्दै दुवैले पेस्तोल देख्छन् । उनीहरूले पेस्तोललाई खेलौना ठान्छन् । उनीहरू खेल्दाखेल्दै फिल्मस्टाइलमा पेस्तोल पड्काउने वाचा गर्छन् र एकैसाथ एकअर्कालाई ढाम्म गोली छोड्छन् । तिहारको बेला कसैले पटका पड्काएर रमाइलो गरेका होलान् भन्ने हुन्छ आखिरमा त्यस्तो हुँदैन । त्यहाँ वास्तविक घटना घट्छ । दुवै जना गोली लागेर लड्न पुग्छन् । त्यो दृश्य देख्नासाथ पुलिसलाई खबर गरिन्छ । पुलिस आइपुग्छन् । तत्काल आमा बुबालाई खबर गरिन्छ । पुलिसले कोठामा कसरी पेस्तोल आए भन्ने कुरा अनुसन्धान गर्छ टोनी आफैँले राखेको पेस्तोल हो भनी साबित हुन्छ अनि उसलाई गरिएको गिरफ्तार घटनाबाट यो कथाको अन्त्य हुन्छ ।

‘दिनदहाडै’ क्यासिनोबाट पचास हजार सापटी लिएकामा पचास लाखको कागज गरेको टोनीले जुवा खेल्दा पेट्रोल पम्पसमेत गुमाएको कुरा उल्लेख गर्नुका साथै ठगी गर्ने उद्देश्य राखी कागज बनाएका क्यासिनोका ठगहरूले त्यहीँ पालेका ठगगुन्डाहरू ल्याएर घरका भाँडाकुँडा सबै फालिदिँदा पनि छिमेकी डरकै कारण बोल्न सक्दैनन् । के गर्नु गुन्डाहरू पनि पार्टीसँग सम्बन्ध रहेको कुरा गर्छन् । क्यासिनोका त्यस्ता केही पेसेवर व्यक्ति जो दोब्बर कागज बनाउन पल्केकाहरूले योबाहेक अरू जानेका हुँदैनन् । यस्तै सासूससुरालाई पनि गुन्डाले धकेलेर लडाइदिए र उनीहरूको ज्यान समेत गुम्न पुग्छ । अन्त्यमा पातीको भविष्य अन्योलमा पर्न गएको कुरा गरिएको छ ।

‘द्रौपदी र दमयन्ती’ यो कथामा यहाँ वर्णित पौराणिक पात्रहरू र उनीहरूले गरेका क्रियाकलापका बारेमा सविस्तार वर्णन गरिएको छ । कौरव र पाण्डवको चर्तिकला प्रदर्शन गरिएको छ । यस कथामा जुवा खेल्दाखेल्दै द्रौपदीलाई समेत जुवामा बाजी मार्न पुगेको कथा छ । यहाँ विराट राजाको राज्यलाई विराटनगर भनिएको छ भने निषद देश भनेर नेपालगन्जलाई भनिएको छ । यसरी कथाको अन्त्यमा द्रौपदी र दमयन्तीको कुरा अगाडि सार्दै कथा अन्त्य गरिएको छ ।

‘पौराणिक जुवा’ यस कथामा नल राजाले जुवामा सर्वस्व गुमाएपछि रानी दमयन्तीको कारुणिक पुकार छ । कथाको अन्त्यमा आएर नल राजाले सुकाउन राखेको कपडा चराले उडाइदिनु अनि दमयन्ती रानी अजिङ्गरको सिकार हुन लाग्दा कर्कोटक नागको विष लागेर छटपटाइरहेका नल राजालाई रानीले गरेको पुकारको आवाज सपना हो कि बिपना हो जस्तो लाग्नुजस्ता कुराहरू देखिएका छन् । जुवा खेल्ने गर्दा सबै चिज डामाडोल हुन पुग्छ भन्ने कुरा यो कथा पढेपछि अझ बढी स्पष्ट हुन्छ ।

‘युधिष्ठिर’ यो कथासङ्ग्रहमा वर्णित चौबिस कथामध्येको अन्तिम कथा हो । यसकै आधारमा यो कथासङ्ग्रहको नामकरण गरिएको छ । यो कथा पौराणिक परिवेशको आधारमा कौरव र पाण्डवबिच जुवा खेलीएको प्रसङ्ग छ । जुवामा द्रौपदीलाई हारेको प्रसङ्ग पनि यहाँ आएको छ । अन्तिममा द्रौपदीको लाज श्रीकृष्णले बचाइदिएका छन् । युद्ध हुँदा जुन पक्षबाट श्रीकृष्ण लडेका छन् त्यही पक्षको जित अवश्य हुनेछ भन्दै कथालाई बिट मारिएको छ ।

अन्त्यमा, युधिष्ठिर कथाका कथाकार सर्वज्ञ वाग्लेलाई सफल कथाकारका रूपमा लिन सकिन्छ । यहाँ उल्लेख गरिएका अधिकांश कथाहरू क्यासिनोमा जुवा खेलाउने सत्य घटनामा आधारित छन् भन्ने कुरा यो सङ्ग्रहले प्रमाणित गरिदिएको छ । सर्वज्ञ वाग्ले आफैँ क्यासिनोमा आबद्ध व्यक्तिले त्यहाँको भित्री गुह्य समेत पत्ता लगाएर यी कथाका विषयवस्तुहरू तयार पारेका छन् । यसरी क्यासिनोको आन्द्राभुँडीसम्म खोतली दिएपछि पक्का पनि क्यासिनो व्यवसायीहरूलाई बाधा पुग्यो होला । उसको व्यापारमा समेत कमी आयो होला । कत्तिले त उनलाई धम्की पनि दिए होलान् । कथाकारले जेजस्तो परिस्थिति भोग्नुपरे पनि त्यहाँ हुने सम्पूर्ण क्रियाकलापहरू बाहिरिएका छन् । त्यहाँको वस्तुस्थिति बाहिर ल्याउने हिम्मत बोक्दै यो कथासङ्ग्रहले सार्थकता पाएको छ । क्यासिनोभित्र के मात्रै हुँदो रहेनछ । पैसावाल मानिसलाई यस्को चक्रव्यूहमा फसाइने काम गरिँदो

.............**बाँकी ६ पेजमा**

## स्वास्थ्य/जीवनशैली

# जाडोमा स्वस्थ रहने तरिकाहरु:

**शरीरलाई क्रियाशील राख्ने:**
जाडो मौसममा बाहिर हिँडडुल गर्न अल्छी गर्ने, फुर्सद पाउनसाथ सिरक ओढेर सुत्ने बानी धेरैको हुने गर्छ । यस्तो बानी सुधार्नुपर्छ । बिहान सामान्य व्यायाम गर्ने, हिँडडुल गर्ने, फुर्सदको समयमा करेसाबारीमा आफूलाई व्यस्त राख्ने आदि काम गरेमा शरीरलाई आवश्यक ताप र ऊर्जा प्राप्त हुन्छ । जसले गर्दा रुघाखोकीजस्ता रोग लाग्ने जोखिम घट्छ ।

**खानपानमा ध्यान दिने:**
जाडो मौसममा सुप, तरकारी, फलफूलजस्ता खानालाई सकेसम्म नियमित गर्नुपर्छ । सखरखण्ड, हरियो सागसब्जी, चुकन्दर, अदुवा, लसुन, केराजस्ता तरकारी र फलफूल खाने गर्नाले शरीरलाई ऊर्जा मिल्नुका साथै शरीरको रोगप्रतिरोधी क्षमता पनि बढ्छ । तरकारी र गेडागुडीको झोल जाडो मौसममा बढी खाने गर्नुपर्छ ।

**वजन बढ्न नदिने:**
जाडो मौसममा शारीरिक श्रम र व्यायाम कम हुने गर्छ । मसलादार र चिल्लो खाना खाने रुचि जाडोमा बढी हुन्छ । त्यसैले जाडोमा मानिस मोटाउने गर्छन् । त्यसैले मोटाएर खास गरी पेटतिरको भागमा बोसो जम्मा हुन नपाओस् भन्नेमा सचेत हुनुपर्छ । किनकि, जाडोमा लागेको पेट र बोसोले दीर्घकालीन रोग लाग्ने सम्भावना बढाइदिन्छ ।

**पर्याप्त सुत्ने:**
वयस्कहरूका लागि प्रतिदिन सातदेखि आठ घण्टासम्मको निद्रा उपयुक्त हुन्छ । पर्याप्त निदाइएन भने शरीर कमजोर हुने र रोग लाग्ने जोखिम बढ्ने भएकाले सुत्न कन्जुस्याइँ गर्नु हुँदैन । राम्रोसँग निदाउनका लागि नियमित व्यायाम गर्ने, योग गर्ने, मदिरा र चुरोट कम गर्ने, क्याफिनजन्य पदार्थको मात्रा घटाउने गर्नुपर्छ ।



**छाला स्वस्थ राख्ने:**
जाडो मौसममा छाला फुट्ने र फुस्रो हुने, ओठमा घाउ हुनेजस्ता समस्या देखापर्ने गर्छन् । जाडोमा कम नुहाइने भएकाले लुतोलगायत एलर्जी छालामा लाग्ने जोखिम जाडोमा बढी हुन्छ । यसबाट बच्न सरसफाइमा ध्यान दिनुपर्छ । छाला फुस्रो नहोस् र नफुटोस् भन्नका लागि नियमित छाला म्वइस्चराइज गर्नुपर्छ ।

**पानी पर्याप्त पिउने:**
जाडोमा पानी पिउने रुचि कम हुन्छ । त्यही भएर पानीको मात्रा बढाउन तरकारी र दालको झोल बढी पिउने गर्नुपर्छ । साथै, दिउँसोतिर बेलाबेलामा ठूलो ग्लासमा ग्रिन टी, हर्बल टी आदि पिउने गर्नाले पानीको मात्रा बढ्छ । जसले शरीर र छालामा पानीको कमीका कारण देखापर्ने समस्या रोक्छ ।

**तनावरहित हुने:**
तनावका कारण मानसिकसँगै शारीरिक रोग लाग्ने जोखिम बढ्ने भएकाले तनाव कम गर्न योग गर्ने, मनमा नराम्रो कुरा नखेलाउने, आफ्नो र सबैको भलो सोच्ने आदि गर्नुपर्छ ।

**रक्तसञ्चार सुचारु राख्ने:**
जाडोमा रगत जम्ने भएकाले रक्तसञ्चार राम्रोसँग हुन पाउँदैन, जसले गर्दा हातखुट्टा चिसो हुने आदि हुन्छ । यस्तो हुन नदिन हिँडडुल गरिरहने, व्यायाम गर्ने, बसेर काम गर्दैगर्दा बीचबीचमा उठेर यताउति टहल्ने, मोजा-पञ्जा आदि लगाउने गर्नुपर्छ । रगत राम्रोसँग सञ्चार हुन पाएन र जम्यो भने यसले शरीरमा विभिन्न हानि पुर्‍याउँछ ।

**न्यानो कपडा लगाउने:**
कतिपय अवस्थामा हामीले कपडा लगाउनमा हेलचेक्र्याइँ गर्छौं र जाडोमा त्यति न्यानो कपडा नलगाई बाहिर निस्कने गर्छौं । यस्तो गर्नु हुँदैन । छातीमा कफ जम्ने, चिसोको कारण घाँटी खसखस हुने, दुख्ने आदि गरेको छ भने छाती र घाँटी छोप्ने खालका कपडा, मफलर लगाउनुपर्छ । न्यानो कपडा नलगाए चिसो गढ्ने, रुघाखोकी बल्झिने, टन्सिल हुने सम्भावना रहन्छ ।

**तातो पानी पिउने:**
जाडो मौसममा चिसो पानी नपिउनु नै राम्रो हुन्छ । तातो पानी पिउने गर्नाले रुघाखोकी नलाग्ने, कफ नजम्ने, घाँटी नदुख्ने हुन्छ ।

**बिरामीबाट परै रहने:**
रुघाखोकी आदि सर्ने भएकाले यस्ता रोग लागेका मानिसबाट परै रहनुपर्छ । त्यस्ता मानिससँग कुरा गर्दा दूरी कायम गर्ने, हात मिलाउनुको सट्टा नमस्कार गर्ने आदि गर्नुपर्छ ।

*स्वास्थ्यखबरबाट साभार*

# विकट गाउँमा उच्च गतिको इन्टरनेट विस्तार

**बागलुङ -** बागलुङको बडिगाड गाउँपालिका वडा-४ जलजला र वडा-८ रणसिंहकिटेनीका स्थानीय विगत दश बर्षदेखि मोवाईल सेवा लिँदै आएका थिए । फोन सेवा लिएको दश बर्ष पछि स्थानीयले उच्च गतिको फोर जी सेवा पाएका छन् ।

नेपाल टेलिकमले दुई वडाको संगम स्थल बेतथलाको धुरीमा २५ मिटर अग्लो स्थायी टावर निर्माण गरेर फोर जी सेवा विस्तार गरेको नेपाल टेलिकम बागलुङका प्रमुख केशव शर्माले जानकारी दिनुभयो ।

रणसिंहकिटेनी जिल्ला सदरमुकामदेखि २८ कोष टाढा पर्छ । टेलिकमले सो स्थानमा २०६७ जेठ महिनादेखि पहिलो पटक टु जी र विस २०८७ सालमा थ्रि जी सेवा विस्तार गरेको थियो । नेपाल टेलिकमका सेवाग्राहीलाई उच्च गतिको इन्टरनेट डाटा सर्भिस र गुणस्तरीय भ्वाईस सेवा प्रदान गर्न चौथो पुस्ताको फोर जी सेवा सुरु भएको कार्यालय प्रमुख शर्माले बताउनुभयो ।

यस अघि सो स्थानमा १८ मिटरको पोल टावरबाट टु जी र थ्री जी सेवा सञ्चालन गरिएको थियो । उत्तधुरी समुन्द्री सतहदेखि दुई हजार

.............. बाँकी ६ पेजमा

## साप्ताहिक खेल खबर

# भारतको सामना गर्दै नेपाल



**जननिगरानी संवाददाता**
**बागलुङ**

साफ यू-१९ महिला फुटबल च्याम्पियनसिपमा नेपालले आइतबार भारतविरुद्ध प्रतिस्पर्धा गर्दैछ ।

बंगलादेशको ढाकास्थित शहिद सिपाही मुस्तोफा कमल स्टेडियममा नेपालले भारतको सामना गर्नेछ । खेल नेपाली समय अनुसार दिउँसो २:४५ बजे सुरु हुनेछ ।

भारतविरुद्ध मैदानमा उत्रदा नेपाल जितको खोजीमा हुनेछ । नेपाल भारतलाई हराएर फाइनल पुग्ने योजनामा रहेको छ ।

नेपालले ३ खेलमा २ जितसहित ७ अंक जोडेको छ । नेपाल शीर्ष स्थानमा रहेको छ ।

भारत ६ अंक जोडेर तेस्रो स्थानमा रहेको छ । भारत पनि नेपाललाई हराएर फाइनल पुग्न चाहन्छ । राउण्ड रोबिनको आधारमा जारी प्रतियोगिताको शीर्ष दुई टिम फाइनलमा पुग्नेछन् ।

नेपालले पहिलो खेलमा बंगलादेशसँग गोलरहित बराबरी खेलेको थियो भने दोस्रो खेलमा श्रीलंकालाई ६-० ले पराजित गरेको थियो । तेस्रो खेलमा नेपालले भुटानलाई ४-० गोल अन्तरले पराजित गरेको थियो ।

भारतले पहिलो खेलमा श्रीलंका र दोस्रो खेलमा भुटानलाई हराएको थियो । तेस्रो खेलमा भारत बंगलादेशसँग पराजित भएको थियो ।

# बागलुङकी पुन राष्ट्रिय महिला भलिबल टिममा

**बागलुङ -** बंगलादेशमा आयोजना हुने एसियन सिनियर सेन्ट्रल जोन पुरुष तथा महिला भलिबल च्याम्पियनसिपका राष्ट्रिय महिला टिमको घोषणा भएको छ ।

नेपाल भलिबल संघले आइतबार अरुणा शाहीको कप्तानीमा सेन्ट्रल जोन खेल्ने १२ सदस्यीय टिम घोषणा गरेको हो । बन्द प्रशिक्षणमा रहेका १५ खेलाडीबाट संघले अन्तिम चरण १२ सदस्यीय टिम घोषणा गरेको हो । लक्ष्मी चन्दले पहिलो पटक राष्ट्रिय टिममा स्थान बनाएकी छिन् । यस्तै कृपा अधिकारी र मनिषा चौधरीले पुनरागमन गरेकी छिन् । बागलुङकी साफिया पुनले पनि टिममा स्थान बनाएकी छिन् ।

१५ सदस्यीय टोलीमा यसपटक यसअघि राष्ट्रिय टोलीमा नियमित रहेकी निरुता ठगुन्नाले राष्ट्रिय टोलीमा स्थान बनाउन सकिनन् । कविता भट्ट र सरस्वती जैसी पनि अन्तिम टोलीमा पर्न सकेनन् ।

महिला र पुरुषको च्याम्पियनसिप पुस ६ देखि १४

.............. बाँकी ६ पेजमा




## तहसनहसपछि.....

यसपछि भने यहाँ अंग्रेजको सशक्त बहिष्कार सुरु भयो । जसको नेतृत्व जर्ज वासिङटनले गरेका थिए । अन्ततः अमेरिकनले अंग्रेजलाई खेदाएरै छोडे । अंग्रेज खेदेपछि पनि अमेरिकनहरुले सबै व्यापार ओगटेर बसेको अंग्रेजको सामान प्रयोग नै नगर्ने घोषणा गरे । यतिसम्म कि आन्दोलनमै चिसोले धेरै उनीहरु त्यहीँ मरे, तर अंग्रेजका बाक्ला लुगा लगाएर ज्यान बँचाएनन् ।

सुन्दा अचम्म लाग्ला तर १७८६ सम्म अर्थात् अंग्रेज अमेरिकामा जमेर रहुन्जेल अमेरिकाका आफ्नो एउटा कपडा फ्याक्ट्री पनि थिएन । १७७६ जुलाइ ४ मा जर्ज वासिङटनले परतन्त्र भएको देशलाई मुक्त गर्ने अभियानलाई उचाइ दिएर झण्डै १० वर्ष चलेको सो अभियानले अंग्रेज खेदेपछि 'आफ्नै खाउँ आफ्नै लाउँ' अभियान चल्यो । यहाँसम्म कि 'सके आफू उत्पादन गर, नसके नखाऊ, सके आफैंले उत्पादन गरेको लगाऊ, नभए पुरानो लगाऊ' भन्ने उर्दी गर्यो सरकारले । जुन अभियानले १६५ वर्षमा त अमेरिकालाई संसार नियन्त्रण गर्ने ठाउँमा पुर्यायो । यस्ता तथ्यहरु अनलाइनहरुमा प्रशस्तै पढ्न पाइन्छ । कति त अडियो बुक नै उपलब्ध छन् ।

यता न्यान्किन (नानाजिङ) त्यसबेलाको चीनको राजधानी थियो । जहाँ इतिहासकै ठूलो नरसंहार भएको थियो । चीनमाथि जापानीहरुले इतिहासकै सबैभन्दा घृणित आक्रमण गरे । जसलाई न्यान्किन नरसंहार ( नान्किन मसाक्कर)(१९३४-१९४५)भनिन्छ । जुन नरसंहारमा जापानी सेनाले लाइन लगाएर काटेर, बलत्कार गरेरै तीन लाख चिनियाँहरु मारेका थिए । यतिसम्म कि जापानीहरुले भिक्षुहरुलाई ल्याएर उनीहरुकै छोरीलाई करणी गर्न लगाउँथे र उसैको अगाडि काटेर मार्थे ।

यही समय अंग्रेजहरु अफिम बोकेर चीन पुगेका थिए । त्यसबेला बेलायतको बजारमा चिनियाँ चिया, रेशम, माटोको भाँडाको उच्च माग थियो । ब्रिटिस साम्राज्यवादको उद्देश्य देखिने व्यापार भए पनि त्यहाँ साम्राज्य खडा गर्नु नै थियो । त्यसैले उनीहरु अफिमको व्यापार गर्न भन्दै चीन पुगेका थिए । जुन व्यापारले चिनियाँहरुलाई अफिमको लत लगाए । युद्ध र नरसंहार खेपिरहेको चीनमा अफिमको लत पनि मिसिएपछि भोकमरी सुरु भयो । चिनियाँमाथि जापानको घिनलाग्दो आक्रमण र अफिमको लत लागेका चिनियाँले त्यो बेला एकदमै ठूलो भोकमरी भोगे र युद्धमा भन्दा धेरै जनसंख्या गुमाए । यस्तो विपद् संसारका कम देशले भोगेका छन् । तर संसारभर व्यापारको नाममा छिरेर त्यस देशलाई गुलाम बनाउने अंग्रेजले चिनियाँलाई गुलाम बनाउन सकेन । यस्तो बेला पनि ब्रिटिसको उपनिवेश विस्तार हुन नदिन व्यसनमुक्त चीन आन्दोलनको घोषणा गरियो र ब्रिटिसलाई त्यहाँबाट खेदाइयो । जुन अभियानको जगबाट नै उदाएका थिए माओ त्से तुङ (१८९३-१९७६) ।

उनीहरुले अंग्रेजले थोपरिसकेको भाषा, भेषभूषा, भोजन, बहिष्कार गरे र बसेका भवनहरु पनि भत्काए । गुलाम बनाउन नसकेपछि चिनियाँलाई अफिमको लतमा लट्ठ पारेर फर्के । त्यसको असर आजसम्म चीनले हटाउन सकेको छैन । त्यसपछि चीनमा राष्ट्रियता अभियान जोडबलका साथ उठ्यो । चीनमा जापानले आक्रमण गर्न सक्नुको कारण अंग्रेजहरुले लिएर गएको अफिम थियो । यस्तो खान सिकाएर उनीहरुलाई लट्ठ बनाए र प्रतिकारमा लडाईं गर्न नसकेर यो नरसंहार खप्नु पर्यो भन्ने निष्कर्ष थियो उनीहरुको । त्यसैले व्यसन हटाउनेदेखि भोकमरीबाट बच्न बाहिरको केही नकिन्ने आफैं उत्पादनमा लाग्ने अभियान लिएर चीन माथि उठ्यो । माओ त्से तुङको नेतृत्वमा उठेको आन्दोलनले जनगणतन्त्र नै स्थापना गरायो ।

त्यसपछि उद्योगलाई गाउँ गाउँमा पुर्याएर आफ्ना सामान उत्पादनमा लागे र बारिहका समान सबै ठप्प पारेर आफ्ना सामानलाई बाहिर पठाउनेलाई सरकारले पैसा लगानी गर्ने बनाइदिए । जुन कुरा आइरिस च्याङले त्यही नरसंहारलाई केन्द्रमा राखेर लेखिएको किताव 'रेप अफ न्यान्किन' मा उल्लेख गरेकी छन् । यहाँसम्म कि चीनले बाहिरका देशसँग सामाजिक सञ्जालसँग पनि जोडिन नदिएर जनतालाई स्थानीय विकासमा लगाएको छ । त्यसको ७२ वर्षपछि चीन संसारकै धनी र सम्पन्न राष्ट्रमा उक्लिएको छ । अहिले संसार भरका जुन देशमा पुग्नुस् चीनका सामान छन् । जुन राष्ट्रियताको अभियान अहिले पनि चीनमा कायम छ ।

कम्युनिष्ट देश चीन पुरानो संस्कृति लिएर रहेका गाउँलाई जस्ताको तस्तै राखेर संसारलाई त्यो संस्कृति देखाउन बोलाइरहेको छ । साँस्कृतिक पुनरोत्थानमा लागेको चिनले क्रिश्चियन र मुसलमानलाई निषेध मात्र गरेको छैन आफ्नोपन झल्कने पुरानो कन्फुसियस शिक्षा लागू गरेर अघि बढेको छ । हिजो भोकमरीले सुतेको देश चीन आज विश्वको खाद्यको झण्डै पचास प्रतिशत अन्न उत्पादन गरेर संसारभर पठाउँछ । यसरी ७२ वर्ष अघिको चीन, ९० वर्षअघिको जापान, १७० वर्षअघिको फ्रान्स, २७० वर्षअघिको अमेरिका सबै स्वदेशी आन्दोलनले अगाडि आएका हुन् । आज संसार हाँक्ने देश कहिले भोकमरी त कहिले नरसंहारले भुइँमा थिए । तर देशले जे उत्पादन गर्न सक्छ त्यहीं खाएर र लगाएर बस्ने भन्ने संकल्पले उनीहरु यो अवस्थामा आइपुगेका हुन् । त्यस्तो अवस्थाबाट पार पाउन यी देशहरुले ३० देखि ५० वर्षसम्म लगाएका छन् । भोकमरीबाट उठेर चीन संसारलाई खाद्यान्य बाढ्ने हुन सक्छ भने, संकल्पशक्तिले विकासमा संसारलाई नै प्रतिनिधित्व गर्न सक्छ भने हामीले गर्दा नहुने हुन्छ र ? संसार हाँकिरहेका देशहरुको इतिहास हेर्दा प्रष्ट हुन्छ कि यिनीहरु घर भित्रका होइन, घर बाहिरकासँग लडेका थिए र बाहिरका व्यापारी धपाएर घर भित्रका उत्पादकलाई सरकारले उठाएको थियो । हामी घर भित्रका मान्छे काट्नलाई सशस्त्र आन्दोलन गर्ने, यस्तो आन्दोलनलाई क्रान्ति मान्ने, अनि हाम्रा उत्पादक र व्यवासायीलाई पाता कसेर बाहिरका व्यापारीलाई घरको साँचो जिम्मा लगाइदिने काममा उद्दत छौं र त्यस्तालाई क्रान्ति नायकका रुपमा आम चर्चाको केन्द्रमा राखिरहेका छौं ।

बहुराष्ट्रिय कम्पनीको एउटा व्यापारीलाई नेपालको जडिबुटी भण्डार जिम्मा लगाउँदैछौं र त्यस्ता व्यापारीलाई क्रान्तिकारी भन्ने नेताको स्तुति गाएर हाम्रा आमसञ्चार रंगिएका छन् । हाम्रो समाजमा मिडियाका माध्यमबाट कस्तो निम्न चेतना विस्तार भइरहेको छ, त्यो प्रष्टै छ त । विज्ञापनमार्फत् र लुकेको स्रोतबाट सञ्चार गृहलाई यसले थोरै लाभ दिन सक्ला, तर देश ? देशको विकास ? जनताको आर्थिक स्रोत ? हामी बुद्धुलाई हाम्रो सामर्थ्य बुझाइदिन कुन देशबाट कस्ता विज्ञ झिकाउनु पर्ने हो ?

फ्रान्समा दि गौलले त्यसबेला विदेशी च्यानल बन्द गराए । हाम्रोमा स्वदेशी च्यानल र माध्यमहरु नै विदेशी सफ्वेयर फिट गरेका मेसिन जस्ता छन् । त्यसमाथि हाम्रा नेता अझ विदेशी च्यानल आउन नपाउने कानुन मिचेरै पो विदेशी च्यानल उद्घाटन गरिरहेका छन् । जुन दिन हामी सीमित वस्तु मात्र आयात गरेर हाम्रा सबै उत्पादन निर्यात् गर्ने हुँदैनौं, तबसम्म देश कहिल्यै माथि उठ्दैन । तर, हाम्रा नेता उनका छोराछोरी र आफन्तलाई जागिर र उनलाई कमिसन जम्मा गर्न देशका हरेक स्रोत र खानीहरु विदेशीलाई दिन तयार छन् । यस्ता भिखारी नेता उत्पादन गरेका हामीले के हुँदैछ भनेर चासो नराख्ने हो भने नेपाल संसारका धनी व्यापारीहरुको क्रिडास्थल भएको हेर्न तयार भए हुन्छ ।

कतिपयले बाहिरको सामान रोक्न सम्भव छैन भन्ने तर्क गरेको सुन्छु । हो, अहिलेको उपभोक्ता बजारमा बाहिरका सामानहरु हामीले उपभोग गरिहेका छौं । किनभने हामीले उत्पादन गर्न नसकेर हो । बाहिरका व्यापारीलाई हाम्रोमा आउन दिन सकिन्छ, तर आफ्नो राष्ट्रको हितमा । उनीहरुको नाफाको एक सुत्रीय योजनामा होइन । पृथ्वीनारायण शाहले पनि बाहिरका व्यापारीहरुलाई देशभित्र आउन नदिने, देशका सामान कसरी धेरै उत्पादन गर्ने र बाहिरका बजारमा पुर्याउने भनेर नियम बनाएका थिए । जुनकुरा पृथ्वीनारायण शाहको दिव्योपशेदमा पनि छ । त्यहाँ भनिएको छ - भारतका व्यापारीहरुलाई पर्साभन्दा माथि आउन नदिनू । विदेशी कपडा नलगाउनू, विदेशी नाचगान नगर्नू, स्थानीय नेवारी नाचगान हेर्नू, विदेशी कलाकार ल्याए पनि फागू सकेपछि छिटै फर्काइदिनू, यहाँको जडिबुटी बेच्नू अथवा निकासी गर्नू, खेती हुने, खानी भएको ठाउँमा घर भए हटाउनू । खेती हुने ठाउँमा खेती लगाउन दिनू र खानी भए निकाल्नू र आफ्नै समान प्रयोग गर्नु ( पृथ्वीनारायण शाहकों दिब्योपदेश ) । टिठ त मलाई ती विद्वान पल्टनेहरुसँग लाग्छ- जो हुन्छ, गर्नु पर्छ भन्ने ऊर्जा दवाउन न्वारनदेखिको बल लगाएर उपदेश छाट्न आइपुग्छन् । फेरि दोहोर्याएर भन्छु, २० वर्षको गुरु योजना बनाऔं । सामाजिक संजाल सबै बन्द गराएर युवालाई सिप सिक्न र सिकेकालाई काममा लगाएर जागिर दिने, आफ्नो गर्न चाहानेलाई सानादेखि ठूलासम्म लगानी सरकारले गर्ने र उत्पादित सामान बेच्नको लागि समन्वय गरिदेओस् । अनि कसरी हुन्न विकास ? हिजोको भन्दा हामी के विकसित भएका छौं र विदेशी कम्पनी भित्र्याएर ?

बरु उल्टो हाम्रा सिप लोप भए, हामी उनीहरुमाथि पूर्णनिर्भर भयौं, योबाहेक अरु के भयो ? उदारीकरणले कुन गरिब देश धनी भए ? बरु धनी देशहरुले गरिब देशमा व्यापारका नाममा तिनै गरिब देशबाट अरबौ अरब निचोरेर लगिरहेका छन् । उनीहरुको व्यापार विस्तारले हामी हाम्रो आर्थिक निर्भरता उसैमा केन्द्रित गरिरहेका मात्र छैनौं, हाम्रा संस्कृति गुमाएकाछौं । एकअर्काको साथमा समूहमा काम गर्ने हाम्रो संस्कृति टुटेर छिन्नभिन्न भएका छौं । सरकारभन्दा बजारलाई, सामाजिक सांस्कृतिक मान्यताभन्दा आर्थिक लाभको लागि, सामूहिक क्रियाकलापभन्दा निजी व्यवसाय र उद्यमलाई प्राथमिकता दिने प्रणालीले कसलाई लाभ हुन्छ ? कहिले हामी असलियत थाहा पाउँछौं र यसका विरुद्ध निस्कन्छौं ? हामीले हाम्रो साँस्कृतिक पुनरुत्थान गर्दै सामूहिकतालाई उठाउन जरुरी छ ।

देशको लगानी देशमै, जनताको सिप देशमै, देशको मुद्रा उत्पादनमै र उत्पादनका पूर्वाधार निर्माणमै लगाउनु पर्छ । अधिकारको पैरवीका नाममा, सञ्चारका नाममा आएका सबै विदेशी रकम बन्द गरेर आफ्नो स्रोत आफ्नै लगानी नगरेसम्म देश कहिल्यै समृद्ध बन्न सक्दैन ।

*नेपालप्रेसबाट साभार ।*

## युधिष्ठिर..............

रहेछ । क्यासिनोको जालमा फसेपछि व्यक्तिलाई जुवा खेल्ने नशा लाग्दो रहेछ । जब मानिस जुवाका खालमा फस्छ उसले आफ्नो श्रीसम्पत्ति जायजेथा केही भन्दैन । क्यासिनोमा जुवा खेल्न आउनेलाई पचास हजार नगद दिएर पचास लाखको कागज गराई व्याजको पनि व्याज जोडी आफैंले पालेका गुन्डाहरूद्वारा जेथाविहीन बनाउँदै पैसा असुल्ने रणनीति खेलिँदो रहेछ । यो कथा सङ्ग्रहमा कतिका घरबार उडेका छन्, कति सडकछाप बने होलान्, कतिको ज्यानै जोखिममा पारिएको छ । युधिष्ठिर, पौराणिक खप्पिस जुवाडे पात्र यही पात्रलाई नै उपयुक्त पात्र ठान्दै यो सङ्ग्रहको नामकरण गरिएको छ । हुन त चौबिस कथाहरूमध्येको एउटा शीर्षक यो पनि हो । यही शीर्षकलाई टपक्क टिपेर यो सङ्ग्रहको नामकरण गर्नुले पनि यी कथाहरूको गरिमालाई उँचो बनाइदिएको छ । यो सङ्ग्रहभित्र आबद्ध जेजति कथाहरू छन् तथ्यपरक छन् । यो कथासङ्ग्रह पढेपछि पाठक वर्गलाई क्यासिनोका बारेमा नकारात्मक विचार उत्पन्न गराइदिएको छ । जुवातासले सर्वनाश गर्छ भन्ने पाठ सिकाएको छ । कथासङ्ग्रहभित्र प्रस्तुत गरिएका सम्पूर्ण कथाहरूको भाव एउटै झल्किएको देखिन्छ । यो कथासङ्ग्रह १८७ पृष्ठ संख्यामा फैलिएको छ । यसभित्र आबद्ध सम्पूर्ण कथाको जसअपजसको भारी बोक्ने जिम्मा कथाकारमै निहित छ । कथाकारको यो जोखिमपूर्ण कदमले पाठकलाई सचेत गराइदिएकामा कथाकारको मुक्तकण्ठले प्रशंसा गर्नैपर्छ । यसको वास्तविक मूल्य २५० रुपियाँ राखिएको छ भने यसको अन्ताराष्ट्रिय मूल्य दस डलर कायम गरिएको छ । यस्तो जोखिमपूर्ण कदम उठाई चौबिसैओटा जुवैजुवाले भरिएका कथाहरूलाई माला बनाई उनिदिएकामा कथाकार बधाईको पात्र बनेका छन् ।

*साहित्यपोष्टबाट साभार ।*

## भालीवाङ..............

गरी वि.स २०७७ असोज १२ गते निर्माण सुरु भए पछि कोरोनाको कारण निर्माण ढिला भएको थियो । उक्त पुल ४० मिटर लम्बाइ र साढे आठ मिटर चौडाईको छ ।

एक बर्षमा पुल निर्माण सम्पन्न भई सञ्चालनमा आएको कम्पनीका साइड इन्जिनियर बलाराम पौडेलले जानकारी दिनुभयो । पुल निर्माण भए पछि दुई गाउँपालिकाको सडक सञ्जाल बाह्रै महिना सञ्चालन हुनेछ ।

बर्खाको समय भालिवाङ खोलाको वहाव बढ्दा करिव पाँच महिना दुई पालिकामा यातयात सञ्जाल टुट्दै आएको थियो । अब नियमित सडक सञ्चालन हुने पौडेलले बताउनुभयो । बूर्तिवाङ बजारदेखि तमानखोला गाउँपालिकाको केन्द्र बोङगादोभान ११ किलो मिटरको दुरी छ । पुल निर्माण भए पछि सडक यातयातको दुरी २० मिनेटमा सिमित भएको छ ।

राष्ट्रिय पुन:निर्माण प्राधिकरणले बुर्तिवाङ-तमानखोला सडक आयोजनाको स्टरवृद्धि तथा मोटरेवल पुल निर्माण गरेको हो । यस अघि आयोजनाले लुकुरबन खोलामा पुल निर्माण गरी यातयात सञ्चालन गरेको थियो । दुई वटा पुल सञ्चालनमा आए पछि बाह्रै महिना सडक यातयात सञ्चालन हुने तमानखोला गाउँपालिका अध्यक्ष जोकलाल बुढाले बताउनुभयो ।

## भीमापोखरामा.....

शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यशालामा भीमापोखरा भित्र रहेका सम्पूर्ण विद्यालयहरुका कक्षा १-५ तहका १६ जना शिक्षकहरुको सहभागिता रहेको छ । उक्त कार्यशालाको सहजिकरण प्रशिक्षक चन्द्र बहादुर खड्का र सहायक प्रशिक्षक होमनाथ गौतमले गर्नुहुने भएको छ ।

विद्यालय शैक्षिक सुधार योजना उपभोक्ता समिति काठेखोला गाउँपालिका वडा नम्बर २ भीमापोखराका अध्यक्ष टिका बहादुर कार्कीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको स्वागत कोषाध्यक्ष जमुना के.सी. र संचालन निरिक्षण समितिका संयोजक अनिल शर्माले गर्नुभएको थियो ।

## बागलुङकी.........

गते सम्म बंगलादेशको ढाका आयोजना हुदैछ । नेपाली महिला टोलीले २०१९ को सेन्ट्रल जोनको उपाधि जितेको थियो ।

**महिला भलिबलको अन्तिम टोली:**

प्रतिभा माली, सरस्वती चौधरी, शान्ति थारु, उषा भण्डारी, साफिया पुन, सुनिता खड्का, मनिषा चौधरी, कामना विष्ट, लक्ष्मी चन्द, सलिना श्रेष्ठ, अरुणा शाही र कृपा अधिकारी

## विकट..................

पाँच सय मिटरको उचाईमा छ । उक्त टावरबाट बडिगाड वडा नम्बर ४ जलजला, वडा ७ भिमगिठे, वडा ८ रणसिंह किटेनीसँगै छिमेकी जिल्ला गुल्मीको मुसिकोट नगर पालिका, मदाने गाउँपालिकाको अधिकांस भुभागमा उच्च गतिको इन्टरनेट चल्नेछ ।

उच्च गतिको इन्टरनेट सेवा विस्तार भए पछि अनलाईन काम गर्न सजिलो भएको वडा नम्बर ८ का वडा अध्यक्ष यम बहादुर श्रीस थापाले बताउनुभयो । स्वास्थ्य चौकी, किटेनी माध्यमिक विद्यालय र वडा कार्यालयमा प्राइभेट इन्टर नेट सेवा त छ तर आउने जाने गर्दा समस्या थियो' उहाँले भन्नुभयो- 'अब समस्या हुँदैन भन्ने लाग्छ ।

२१ औ अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस २०२१

"सचेत, सीपमूलक र सुरक्षित रोजगार :
मर्यादित श्रम आप्रवासनको मूल आधार"

विश्व आप्रवासी सङ्गठन (आ.ओ.एम)को world Migration Report 2020 मा प्रकाशित तथ्यांक अनुसार संसारभर २८ करोड १० लाख मानिस आप्रवासी कामदारको रुपमा रहेका छन् ।

वैदेशिक रोजगारीले नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पुर्याउदै आएको छ । अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको श्रम शक्तिलाई उत्पादनमुलक र प्रतिस्पर्धी बनाउदै वैदेशिक रोजगारीबाट आर्जित पुँजी प्रविधि सीप र अनुभवलाई अधिकतम रुपमा परिचालन गर्ने राज्यको नीति रहेको छ । नेपाल सरकारको आ. व. २०७८।७९ को नीति तथा कार्यक्रममा श्रम आप्रवासन सम्बन्धी अन्तराष्ट्रिय प्रतिबद्धताहरु लाई आन्तरिकीकरण गर्दै लगिने र वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाइ लक्षितसामाजिक तथा आर्थिक पुन स्थापना कार्यक्रम सञ्चालन गर्ने कुरा उल्लेख छ ।

आ. व. २०६४।६५ देखि २०७७।७८ सम्ममा मात्रै झण्डै ७० खर्ब विप्रेषण भित्रिएको नेपाल राष्ट्र बैङ्कको तथ्याङ्क छ । स्वदेशमा नै रोजगार अवसरहरु पर्याप्त उपलब्ध हुन नसक्दा वैदेशिक रोजगारीमा जानु नेपाली श्रमिकहरुको बाध्यता हुन गएको छ । यसले स्वदेशमा श्रमशक्तिको अभाव, सामाजिक रुपमा पारिवारिक विखण्डन लगायतका नकारात्मक प्रभाव एवम् बौद्धिक तथा श्रम पलायन जस्ता चुनौतीहरु नेपालले व्यहोर्नु परेको छ । तसर्थ वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित तथा मरपर्दो बनाउन यस नगरपालिका/गाउँपालिकाले सुरक्षित आप्रवासन परियोजना (सामी) सञ्चालनमा ल्याएको छ । परियोजना मार्फत वैदेशिक रोजगारीमा जान चाहनेलाई सुचना परामर्श प्रदान गर्ने, घरघरमै पुगेर सुचना प्रदान गर्ने, विदेशमा काम लाग्ने, बिकाउ हुने र पारिश्रमिक राम्रो पाउने सीप तालिमका लागि सहजीकरण गर्ने, विप्रेषण प्राप्त गर्ने घर परिवारलाई त्यसको सदुपयोग एवम् आय वृद्धिका लागि वित्तीय साक्षरता कक्षाहरु सञ्चालन गर्ने, वैदेशिक रोजगारीको क्रममा समस्यामा परेकाहरुलाई नि:शुल्क कानूनी सहायता प्रदान गर्ने तथा मानसिक समस्यामा परेकाहरुलाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्दै आइरहेको छ । थप जानकारी लागि सुरक्षित आप्रवासन परियोजना, आप्रवासी स्रोत केन्द्र, जिल्ला प्रशासन कार्यालय (फोन नम्बर ०६८-५२४२६०) वा यस नगरपालिका/गाउँपालिकामा सम्पर्क गर्नुहोला ।

वैदेशिक रोजगारीलाई अझै प्रभावकारी बनाउन कानूनी प्रबन्ध गरी हामीले वार्षिक नीति तथा कार्यक्रम मार्फत थप योजनाहरु समेत सञ्चालनमा ल्याएका छौ र भविष्यमा अझै विस्तार गर्दै लैजाने प्रतिबद्धता व्यक्त गर्दछौ ।

आप्रवासी कामदारको हकहित सरक्षणमा हामी सबैले प्रयास गरौ,सकेसम्म स्वदेशमै स्वरोजगार बनौ, नसकेमा सीप सिकेर सुरक्षित वैदेशिक रोजगारीमा जाऔ । अन्तर्राष्ट्रिय आप्रवासी कामदार दिवस २०२१ को सबैमा शुभकामना ।

अमर बहादुर थापा, अध्यक्ष, काठेखोला गाउँपालिका
भरत शर्मा, नगर प्रमुख, गल्कोट नगरपालिका
इन्द्र राज पौडेल, नगर प्रमुख, जैमिनी नगरपालिका
जनक राज पौडेल, नगर प्रमुख, बागलुङ नगरपालिका
बागलुङ

जिल्ला निर्वाचन कार्यालय बागलुङको सूचना !

१. यहि मिति २०७८/८/१७ गतेबाट बाग्लुङ जिल्लामा रहेका स्थानीय तहमा २ चरणमा मतदाता नामावली संकलन विशेष कार्यक्रम संचालन हुने भएकोमा मतदाता नामावलीमा नाम समावेश नभएका प्रत्येक नागरिकले आफ्नो नेपाली नगरीकताको प्रमाणपत्र पत्रको सक्कल र फोटोकपी लिएर कार्यक्रम संचालन भएको मितिमा आफ्नै पालिकाको केन्द्रमा स्वय उपस्थिती भइ मतदाता नामावलीमा नाम समाबेश गर्नको लागि हार्दिक अनुरोध गरिन्छ ।

२. अन्यत्र जिल्लामा स्थायी बसोबास भई काम विशेषले यस जिल्लामा अस्थायी बसोबास गर्नुभएका र मतदाता नामावली दर्ता गर्न छुट हुनुभएका सम्पूर्ण मतदाताहरुलाई मिति २०७८।०८।१७ गते देखि यस जिल्ला निर्वाचन कार्यालयमा आई फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गर्नको लागि नागरिकता प्रमाण पत्रको संकल र प्रतिलिपी साथमा लिई आउनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

३. यस जिल्लामा सूचारु भएका जिल्ला निर्वाचन कार्यलय, जिल्ला प्रशासन कार्यालय, बागलुङ र ईलाका प्रशासन कार्यालय, बुर्तिवाङ बाट आयोगको अर्को आदेश नभएसम्मको लागि फोटो सहितको मतदाता दर्ता प्रकृया निरन्तर रहने व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

जिल्ला निर्वाचन कार्यालय
बागलुङ